नेपाल आदिवासी जनजाति महासंघ
संघीय परिषद् सचिवालय
Nepal Federation of Indigenous Nationalities (NEFIN)
Secretariat of Federal Council

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np

# नेपाल आदिवासी जनजाति महासंघको ४५औं संघीय परिषद्को बैठकबाट पारित विशेष प्रस्ताव
## ०७२ चैत्र ७ गते काठमाडौं

१. आदिवासी जनजाति लगायत राज्यले पछाडी पारिएका समुदायहरुले उठाएका मुद्धाहरु संविधानमा सुनिश्चित नभएकाले आदिवासी जनजाति शक्तिलाई एकिकृत गरी लडनु पर्ने आवश्यकतालाई आत्मसाथ गर्दै, नेपाल आदिवासी जनजाति महासंघले उठाएको मुद्धा सँग मिल्ने सबै पहिचान र अधिकारमुखी सबै आन्दोलनरत सँग सहकार्य र समन्वय गर्दै अघि वढ्न नेपाल आदिवासी जनजाति महासंघ संघीय परिषदको ४५औं बैठक आदिवासी जनजातिको अडान, अपुरो र अधुरो संविधान संशोधनको लागि दबाब अभियान भन्ने मूल नाराकासाथ निम्न प्रस्तावहरु पारित गर्दछ ।

२. आदिवासी जनजातिहरुको दृष्टिमा यो संविधान अपुरो र अपूर्ण रहेको हुदाँ हामी आविासी जनातिहरुको माग वमोजिम तत्काल संविधान संसोधन गर्न माग गर्दछ ।

३. आदिवासी जनजातिहरुको माग वमोजिम पहिलो संविधानसभाको राज्य पुनसंरचना र आयोगले तत्कालिन संविधानसभालाई वुझाएको र दोश्रो संविधानसभाको पहिलो वैठकले पहिलो संविधानसभाको सहमति भएका विषयलाई अपनत्व ग्रहण गरे अनुसार आदिवासी जनजातिहरुको पहिचान सहितको संघीय प्रदेश सुनिश्चित गर्न यो वैठक जोडदार माग गर्दछ ।

४. राजनितिक, सामाजिक, सास्कृतिक र भाषीक अधिकार सुनिश्चित गर्न संविधान संसोधनको पक्षमा रहेका सरोकारवाला पक्षहरुले गर्ने आन्दोलनहरुमा नेपाल आदिवासी जनजाति महासंघ सहकार्य र समन्वय गरेर अगी वढने विशेष निर्णय पारित गर्दछ ।

५. संविधानमा भएको व्यवस्था तथा भावना विपरित लोकसेवा आयोगमा निजामती कर्मचारीको भर्नामा खस आर्यलाई २२ प्रतिशत आरक्षणको प्रस्ताव प्रति गम्भिर आपत्ति सहित तत्काल खारेज गर्न यो ४५ औ बैठक प्रस्ताव पारित गर्दछ ।

६. थारु आनदोलनको क्रममा १२२ जना माथी लगाईएको सम्पूर्ण मुद्धा र अभियोग तत्काल फिर्ता लिन, २२ जनलाई तत्काल जेलमुक्त गर्न, थारु आन्दोलनमा शाहद्धत प्राप्त ६ जना शहिद घोषणा गरेकाको नामवली सरकारी तथ्याङक र दस्तावेजमा उल्लेख गरी सार्वजनिक गर्न र घाईतेहरुको निहरुलक उपचारको व्यावस्था गर्न यो ४५औं वैठक जोडदार माग गर्दछ ।

७. संविधानमा धर्म निरपेक्षको अपव्यख्या तुरुन्त सच्याउन यो वैठक जोडदार माग गर्द छ ।

८ अपूर्ण रहेको संविधानलाई सबै राजनीतिक दलहरुको सहमतिवाटै संशोधन गर्न सबै राजनीतिक दलहरुलाई दवाव दिन यो वैठक विशेष प्रस्ताव पारित गर्दछ ।

९. नेपाल सरकारले संवैधानिक अंगहरुमा र सुरक्षा निकाय लगायत अन्य विभिन्न महत्वपूर्ण समितिहरुमा नियुक्ति, प्रवेश र मनोनयन गर्दा समानुपातिक समावेशी नीति अनुरुप नभएको प्रति यो वैठक विरोध गर्दै आदिवासी जनजातिहरुको समानुपातिक समावेशी सहभागिता सुनिश्चित गर्न सरकार सँग यो वैठक जोडदार माग गर्दछ ।

१०.हाल कायम रहेको ७ प्रदेशको सिंमाकन पुनरावलोकन समितिमा आदिवासी जनजाति विज्ञ अनिवार्य सहभागी गराउन र उक्त समितिले नेपाल आदिवासी जनजाति महासंघ लगायत सरोकारवाला समुदायगत संगठनहरुसँग छलफल गरी आदिवासी जनजातिहरुको ऐतिहासीक र पुर्ख्यौली थातथलोलाई नटुक्र्याई सिमाङकन गर्न संघीय परिषदको यो ४५औ बैठक जोडदार माग गर्दछ ।

Regd. No. 769/052/53
S.W.C. Regd. No. 13679
P.O.Box No. 8975, EPC: 1851
Kusunti (Ring Road),
Lalitpur-13, Nepal
Phone/Fax: +977-1-5001754
E-mail: info@nefin.org.np
Website: www.nefin.org.np


११.देशमा भएको राजनितिक परिवर्तनको पक्षमा महत्वपूर्ण भुमिका निर्वाह गरेका अधिकारमुखी आन्दोलन पक्षधरहरुलाई संविधानमा दस्तवेजीकरण सवालमा आदिवासी जनजाति आन्दोलन उल्लेख हुनु पर्ने ।

१२.संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले २२ जातिको स्वयत्त क्षेत्रहरु निर्धारण आयोग गठन गरिएकोमा आयोगलाई दिइने क्षेत्राधिकारमा राजनीतिक, सांस्कृतिक, भाषिक आर्थिक अधिकार सुनिश्चित हुने गरी सिफारिस गर्नपर्ने उक्त आयोगले आदिवासी जनजाति समुदायसँग परामर्श र छलफल नगरेको प्रति यो वैठक आपत्ति प्रकट गर्दै तत्काल सम्वन्धित आदिवासी जनजाति समुदाय सँग छलफल गर्न र स्वयत्त क्षेत्रको संख्या अपुर्ण रहेको हुदाँ सवै अल्पसंख्याक, सिमान्तकृत र लोपोन्मुख आदिवासी जनजातिहरुको पहिचानको आधारमा स्वयत्त क्षेत्र, विशेस क्षेत्र र संरक्षित क्षेत्रहरु सम्वन्धित समुदाय सँगको परामर्श र छलफलवाट सुनिश्चित गर्न यो ४५औं परिषद वैठक जोडदार माग गर्दछ ।

१३.३३ प्रतिशत महिला आरक्षण नीति र कोटामा आदिवासी जनजाति महिलाहरुको जनसंख्याको आधारमा समानुपातिक समावेशी प्रतिनिधित्व सुनिश्चित गर्न यो वैठक जोडदार माग गर्दछ ।

१४.आदिवासी जनजातिहरुको आरक्षण कोटामा अल्पसंख्याक, सिमान्तकृत र लोपोन्मुख आदिवासी जनजातिहरुको सहभागी सुनिश्चितता गर्न माग गर्दछ ।

१५.नेपाल सरकारले अनुमोदन गरिसकेको अन्तरराष्ट्रिय श्रम संगठन महासन्धि नं. (ILO) १६९, आदिवासी जनजातिको अधिकार सम्बन्धि संयुक्त राष्ट्र संघीय घोषणापत्रमा उल्लेख भएको आदिवासी जनजातिको स्वतन्त्र पूर्व सूसुचीत मन्जुरी (FPIC) विना आदिवासी जनजातिको थातथलोमा कुनै पनि परियोजना र अन्य विकासको गतिविधि संचालन गर्न नहुने स्पष्ट पार्दै महिला विरुद्ध हुने सवै प्रकारका भेदभाव उन्मुलन सम्वन्धि महासन्धि (CEDAW) र जातिय विभेद र छुवछुत उन्मुलन सम्वन्धि महासन्धि लगायतलाई तत्काल ईमान्दारी पुर्वक कार्यन्वयन गर्न यो वैठक जोडदार माग गर्दछ ।

१६. नेपाल सरकारले देशका विभिन्न नगरपालिकाहरु घोषणा गर्दा आदिवासी जनजातिहरुको ऐतिहासीक र पुर्ख्यौली थातथलोलाई ख्याल नगरी बसोबास तथा थातथलोहरु खण्डित गरेको, नामाकरण गर्दा आदिवासी जनजातिहरुको भावना र पहिचान अनुरुप नभएको र राज्य पुनःसंरचनाको सन्दर्भमा देश अघि बढिरहेको बेला हतारमा घोषणा भएको प्रति यो बैठक विरोध गर्दछ ।

१७. भुकम्प पछीको पुननिर्माणको सवै तहको संयन्त्रहरुमा समानुपाकि समावेशी प्रतिनिधित्वको सुनिश्चित गर्न र आदिवासी जनजातिहरुको सवालमा उनीहरुको परम्परातग शैलीमा निर्माण गर्न पाउने नितिगत व्यावस्था गर्न यो ४५औं संघीय परिषद वैठक जोडदार माग गर्दछ ।

१८.नयाँ संविधान अनुसार सरकारले गर्न लागेको विभिन्न कानुनहरु संसोधनको प्रक्रियामा आदिवासी जनजातिहरुको अर्थपूर्ण परामर्श र सहभागिता सुनिश्चित गर्न यो ४५औं संघीय परिषद वैठक जोडदार माग गर्दछ ।

१९. लोक सेवा आयोगले सम्वन्धित आदिवासी जनजाति र आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको सिफरीसलाई निशर्त मान्यता दिनु पर्ने यो वैठक जोडदार माग गर्दछ ।

**२०. नेपाल आदिवासी जनजाति महासंघको जिल्ला संगठनहरुको महासंघको विधान र जिल्ला समन्वय परिषद नियमावली वमोजिम पदावधी समाप्त भएका सम्पूर्ण जिल्ला समन्वय परिषदहरुलाई आजको मितिले १ महिना भित्र अनिवार्य सम्पन्न गर्न र उक्त अवधीमा अधिवेशन नगर्ने जिल्ला समन्वय परिषदहरु स्वत विघटन भएको मानिने छ ।**